त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
OFFICE OF THE RECTOR

# विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय

# Student Welfare and Sports Directorate

कीर्तिपुर, काठमाण्डौं, नेपाल
Kirtipur, Kathmandu, Nepal

Ref. No./ पत्र संख्या: ३५२/२०८२/०८३ Date/ मिति: २०८३/०३/२९

श्री क्याम्पस प्रमुखज्यू,
त्रि.वि.का आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पस/कलेजहरू ।

विषय: जानकारी गराइएको बारे ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पस/कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई त्रि.वि.कार्यकारी परिषद्को मिति २०७१/११/६ को निर्णय नं.२१५४, मिति २०७६/६/२ को वैठकको निर्णय नं.२६६२ र सोही आधारमा सम्वन्धित डीन कार्यालयले तोकेको मापदण्डमा भएको व्यवस्था बमोजिम नि:शुल्क छात्रवृत्ति प्रदान गर्दै आउनु भएकोमा आ.व.२०८३/०८४ मा समेत उक्त नि:शुल्क छात्रवृत्ति कार्यक्रमलाई कार्यान्वयन गर्नु/गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै सो को विवरण आ-आफ्नो क्याम्पस/कलेजको वेवसाइटमा अपलोड गरी सम्वन्धित डीन कार्यालय र त्रि.वि.विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा उपलब्ध गराउनु हुन समेत सूचित गरिन्छ । निर्णय नं.२१५४ र निर्णय नं.२६६२ यसै साथ संलग्न छ ।

डा. दिपेन्द्र पराजुली
निर्देशक

वोधार्थ
श्री उपकुलपतिज्यूको कार्यालय, त्रि.वि.कीर्तिपुर ।
श्री शिक्षाध्यक्षज्यूको कार्यालय, त्रि.वि.कीर्तिपुर ।
श्री रजिष्ट्रारज्यूको कार्यालय, त्रि.वि.कीर्तिपुर ।
श्री डीन कार्यालयहरु, त्रि.वि. कीर्तिपुर ।
श्री सूचना तथा जनसम्पर्क महाशाखा, त्रि.वि.कीर्तिपुर ।

फोन: ४३३०४८३, ४३३०४८७, पोष्ट बक्स नं. ८२१२, E-mail: <info.swsd@tu.edu.np> <tuswsd@gmail.com> Website: http//swsd.tu.edu.np

# पूर्वाञ्चल विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय

फोन नं. : ०२१-६२६०१२
पो.ब.नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल


प.सं./च.नं.:-

मितिः २०८३।०३।२९

## सूचना।

पूर्वाञ्चल विश्वविद्यालयका विभिन्न संकाय अन्तर्गत सञ्चालित स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र ०८३।०८४ मा भर्ना हुने विद्यार्थीहरूका लागि पूर्वाञ्चल विश्वविद्यालय, प्रवेश परीक्षा छात्रवृत्ति सम्बन्धी व्यवस्था तथा छात्रवृत्ति प्रवेश परीक्षा सम्बन्धी एकीकृत कार्यविधि-२०८२ बमोजिम अनिवार्य रूपमा कम्तीमा १० प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुहुन सम्बन्धित सम्पूर्ण स्कूल/क्याम्पस/कलेजहरूलाई यो सूचना मार्फत निर्देशन गरिन्छ।

(डा. रमेश बाबू काफ्ले)
रजिष्ट्रार

# राजर्षिजनक विश्वविद्यालय
RAJARSHI JANAK UNIVERSITY
रजिष्ट्रारको कार्यालय
Office of the Registrar
जनकपुरधाम, धनुषा (नेपाल)
Janakpurdham, Dhanusha (Nepal)


पत्र संख्या :- ०८२/०८३
Ref. No.: ४०६

मिति : २०८३।०३।२९

श्री क्याम्पस प्रमुख/निर्देशकज्यू,
सम्बन्धन प्राप्त क्याम्पस/कलेज सबै,
राजर्षिजनक विश्वविद्यालय ।

विषयः स्वीकृत कोटाको १० प्रतिशत छात्रवृत्ति सिट सुरक्षित राखी विद्यार्थी भर्ना गर्ने सम्बन्धमा।

राजर्षिजनक विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले शैक्षिक सत्र २०८३/०८४ का लागि विश्वविद्यालयबाट स्वीकृत शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्ना लिंदा अनिवार्य रूपमा पालना गर्नुपर्ने नियम सम्बन्धमा यो पत्र प्रेषित गरिएको छ ।
विश्वविद्यालयको नियमानुसार कुल स्वीकृत सिट सङ्ख्याको १०% (दश प्रतिशत) सिट जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनका लागि अनिवार्य रूपमा खाली (सुरक्षित) राख्नुपर्ने व्यवस्था रहेको छ । उक्त १० प्रतिशत छात्रवृत्तिका सिटहरूमा विश्वविद्यालयको निर्णयानुसार मात्र विद्यार्थी छनौट गरी भर्ना गरिनेछ ।
अतः सम्पूर्ण सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले आ - आफ्नो संस्थामा स्वीकृत सिट सङ्ख्याको १० प्रतिशत सिट सुरक्षित राखी बाँकी सिटमा मात्र विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाउनु हुन र सो सम्वन्धी भर्ना विवरण भर्ना सकिएपछि अनिवार्य यस कार्यालयमा बुझाउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।
विश्वविद्यालयको नियमविपरीत छात्रवृत्ति सिट खाली नराखी सम्पूर्ण सिटमा भर्ना गरेमा वा नियम उल्लङ्घन गरेको पाइएमा नियमानुसार भर्ना रद्द गरिने र सम्बन्धित क्याम्पसलाई प्रचलित ऐन/नियम बमोजिम कारवाही गरिने व्यहोरा समेत यसै पत्रद्वारा सूचित गरिन्छ ।

०८३।०३।२९
(प्रा.डा. बलराम झा)
रजिष्ट्रार

रजिष्ट्रार
राजर्षिजनक विश्वविद्यालय
जनकपुरधाम

बोधार्थः
श्री डीन तथा निर्देशकको कार्यालय,
रा.ज.वि., जनकपुरधाम ।

Website: www.rju.edu.np/ Phone No. 041-590931/590936 / Email; info@rju.edu.np

# सुदूरपश्चिम विश्वविद्यालय
## केन्द्रीय कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर

पत्र संख्य ०८२।०८३
च.नं.

मिति २०८३।०३।२९

श्री क्याम्पस प्रमुखज्यू
सुदूरपश्चिम विश्वविद्यालय सम्बन्धन प्राप्त क्याम्पसहरू ।

विषय : **स्वीकृत कोटाको १० प्रतिशत छात्रवृत्ति सीट सुरक्षित राखी विद्यार्थी भर्ना गर्ने सम्बन्धी सूचना ।**

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका सम्बन्धन प्राप्त क्याम्पस/कलेजहहरूमा शैक्षिक सत्र २०८३।०८४ मा विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सङ्कायको प्रवेश परीक्षा सञ्चालन कार्यविधिमा तोकिएको व्यवस्था अनुसार स्वीकृत विद्यार्थी भर्ना कोटाको १० प्रतिशत छात्रवृत्तिका सिटहरू सरक्षित राखी बाँकी सिटमा मात्र विद्यार्थी भर्नाको कार्यक्रम सञ्चालन गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त १० प्रतिशत सिटहरूमा विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पस/कलेजको छात्रवृत्ति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार विद्यार्थी छनोट गरी भर्ना गरिने छ ।

(नबिन बहादुर बम)
सहायक प्रशासक

बोधार्थ :
श्री डीन कार्यालयहरू सुदूरपश्चिम विश्वविद्यालय महेन्द्रनगर, कञ्चनपुर ।

केन्द्रीय कार्यालय: महेन्द्रनगर, कञ्चनपुर फोन नं. ®९७७ (९९) ५२०७२९ फ्याक्स:®९७७ (९९) ५२०७२७
Web: fwu.edu.np email: info@fwu.edu.np

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal

### सूचना !

मिति: २०८३/०३/२४

यस कृषि तथा वन विज्ञान विश्वविद्यालयमा भर्ना भई स्नातक (**Bachelor**), स्नातकोत्तर (**Master**) र विद्यावारिधि (**Ph.D**) तहमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई पठनपाठन तथा अनुसन्धान कार्यमा सहजताका लागि संस्थागत इमेल विश्वविद्यालयले उपलब्ध गराउँदै आइरहेको व्यहोरा जानकारी गराइन्छ।

हालसम्म पनि उक्त संस्थागत इमेल को सुविधा प्रयोग नगर्नुभएका विद्यार्थीहरूले **access.afu.edu.np** मा **apply** गरी यो सेवा लिनुहुन यसै सूचनाद्वारा सम्पूर्ण विद्यार्थीहरूको जानकारीका लागि सूचित गरिन्छ।

सूचना तथा संचार केन्द्र
केन्द्रिय कार्यालय, रामपुर।

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No.

मिति : २०८२।०७।१०

## निःशुल्क छात्रवृत्ती सम्बन्धी सूचना

पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त स्कूल तथा कलेजहरूमा **पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५** बमोजिम हरेक वर्ष निःशुल्क छात्रवृत्ति अध्ययनका लागि विश्वविद्यालय आफैंले केन्द्रिकृत परीक्षा लिने, छनौट गर्ने र कलेज तथा स्कूलहरूमा पठाउने व्यवस्था रहेको र सोहीक्रममा शैक्षिक वर्ष २०८३/०८४ का लागि योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको व्यहोरा पनि अवगतै छ। अतः सम्पूर्ण आङ्गिक तथा संयुक्त आङ्गिक स्कूल/कलेजहरूले स्वीकृत विद्यार्थी कोटाको २० प्रतिशत र सम्बन्धन प्राप्त कलेजहरूले स्वीकृत विद्यार्थी कोटाको १० प्रतिशत सिट छात्रवृत्तीमा छनौट भई आउने विद्यार्थीहरूका लागि सुरक्षित राखि बाँकी हुन आउने सिटमा मात्रै विद्यार्थी भर्ना प्रकृया अगाडी बढाउनु हुन जानकारी गराउदछु।

छात्रवृत्ती सम्बन्धी विस्तृत विवरण विश्वविद्यालयको वेबसाइड www.pu.edu.np मा वा मिती २०८२।०७।२६ गतेको गोरखापत्रमा हेर्न सकिने छ।

प्रा. हरि बहादुर खड्का
रजिष्ट्रार

* जेनजी (GenZ) आन्दोलनमा घाइते तथा अपाङ्ग भएको व्यक्ति वा निजको परिवारको सदस्यका छात्रवृत्तिका हकमा पोखरा विश्वविद्यालयको आगामी सभाबाट निर्णय भए बमोजिम हुनेछ।


P.O. Box: 427, Pokhara Metropolitan City-30, Khudi, Dhungepatan, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046